# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ९ गते २०२७ साल

श्री ५ को सरकार

### खाद्य तथा कृषि मन्त्रालय

### खाद्य अनुसन्धानशालाको

### सूचना

यस खाद्य अनुसन्धानशालाको सार्वजनिक बिश्लेषक श्री इसरारूल हक खाँ अध्ययन बिदामा जानु भै रिक्त भएको उक्त पदमा निज फर्की हाजीर नभएसम्मको लागि निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै अनुसन्धानशालाका माइक्रोबायोलजिष्ट सुश्री नानीछोरी शाक्यलाई मिति २०२७।९।८ देखि पुनः कायम मुकायम मुकरर गरेको छ ।

गोबिन्दभक्त जोशी<br>प्रमुख खाद्य अनुसन्धान अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूलसुधार

खण्ड २० अतिरिक्ताङ्क ३९ मिति ०२७।११।७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको मुख पृष्ठको दफा ०१.०२ को दोश्रो हरफको शुरूको सलिड नट भन्ने २ शब्द बढी पर्न गएकोले सो झिकिएको र सोही दफाको तेश्रो हरफको आखिरमा कोष्ठ पछाडि ७.५ प्रतिशतभन्दा घटी नभएको दूध हुनुपर्दछ भन्ने वाक्यांस छूट् हुन गएकोले सो राखी भूलसुधार गरिएको छ ।

साथै उक्त सूचनाको दोश्रो पृष्ठमा दफा ०१.०४ को (ग) को आखिरमा नघटेको भन्ने सट्टा नबढेको भन्ने (घ) मा जलाम्बसको सट्टा जलाम्स गरी, दफा ०२.०१ को चौथो हरफको शुरूमा कोष्ठ पछाडि नभएको भन्ने शब्द पछाडि अर्धविराम (कमा) राखी त्यसपछि-को पनि शब्दलाई पानि तथा सोही हरफको आखिरमा अप्रासंगिक भन्ने शब्दको अगाडि अर्धविराम (कमा) रहने गरी र सोही दफाको (च) को शुरूमा एक्सबेलर टेष्ट भन्नेमा एब-सबेलर टेष्ट गरी भूलसुधार गरिएको छ ।

खाद्य तथा कृषि मन्त्रालय

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१००६